आज मिति २०८०।०३।२८ गते घरस्थापनाको दिनको ११:०० बजे [illegible] कोट गाउँ कार्यपालिकाको नियमित बैठक पालिकाका अध्यक्ष श्री नारायण बहादुर कार्की ज्यू को अध्यक्षता र तपशिलको उपस्थितीमा बसी देहाय अनुसार निर्णय गरियो ।

उपस्थिती :-

१) गा.पा. अध्यक्ष श्री नारायण बहादुर कार्की
२) गा.पा. उपाध्यक्ष श्री कान्ता अधिकारी
३) गा.पा. प्रवक्ता श्री प्रकाश शयमाम्री
४) वडा अध्यक्ष वडा नं. १ श्री चिरञ्जीवी पोखरेल
५) " " " २ श्री ओम प्रसाद पोखरेल
६) " " " ३ श्री नारायण बहादुर के.सी.
७) " " " ४ श्री सोम बहादुर कार्की
८) " " " ५ श्री मन बहादुर अधिकारी
९) " " " ६ श्री दान बहादुर कुँवर
१०) " " " ८ श्री चुरा बहादुर छहरी मगर
११) कार्यपालिका सदस्य श्री मिना राना
१२) " " श्री रञ्जना आचार्य खनाल
१३) " " श्री गोमा थापा
१४) " " श्री उर्मिला नेपाली
१५) " " श्री जीता कौशल
१६) " " श्री दलिल बडथ्वाल
१७) सदस्य सचिव श्री मदन अर्याल
१८) आमन्त्रित श्री टिका लाल भट्टराई

प्रस्तावहरु

१. कार्यविधिका सम्बन्धमा,

२. राजश्व सम्बन्धमा,

३. प्रगति विवरण सम्बन्धमा,

४. गाउँ शिक्षा योजना सम्बन्धमा,

५. लक्षित कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा,

६. प्रधानमन्त्री रोजगार कार्यक्रमको वडागत कोटा निर्धारण सम्बन्धमा,

७. वास प्लान सम्बन्धमा,

८. कर्मचारी सम्बन्धमा,

९. विविध।

**निर्णयहरु :**

१. तपशिलका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो।

क. गाउँपालिकाको सचिवालय गठन तथा सञ्चालन कार्यविधि, २०८०

ख. कृषि उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८०

ग. चिकित्सकलाई उपलब्ध गराउने प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८०

घ. पशु स्वास्थ्य व्यवस्थापन तथा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता दर्ता सम्बन्धी कार्यविधि, २०७९ (प्रथम संशोधन २०८०)

ङ. पोषण सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ (प्रथम संशोधन २०८०)

२ (क) गाउँपालिकामा राजश्व संकलन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन तपशिल बमोजिमको राजश्व व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

क. संयोजक पवन कुँवर (वडा सदस्य, वडा नं २)

ख. सदस्य खुम बहादुर कुमाल (वडा सदस्य, वडा नं १)

ग. सदस्य नरेन्द्र सुन्धौली (वडा सदस्य, वडा नं ३)

घ. सदस्य राजेन्द्र प्रसाद नेपाल (वडा सदस्य, वडा नं ४)

ङ. सदस्य सुरेश ठकुरी (वडा सदस्य, वडा नं ५)

च. सदस्य भरत बहादुर जि.सी. (वडा सदस्य, वडा नं ६)

छ. सदस्य रुद्र बहादुर थापा (वडा सदस्य, वडा नं ७)

ज. सदस्य मोहन सिं राना (वडा सदस्य, वडा नं ८)

२. (ख) सी.जी. सिमेन्ट कम्पनीले विगत आर्थिक वर्षहरुमा राजस्व रकम बुझाउंदै आएकोमा आ.व. २०७९/८० को पौष महिना पछि नबुझाएको साथै सी.जी. सिमेन्ट तथा सर्वोत्तम सिमेन्ट कम्पनीका गाडीहरुले

CamScanner

गरेको बातावरण प्रदुषण र रिब्दीकोटबासी जनताको स्वास्थ्यमा पारेको नकारात्मक असर तथा त्यसको परिपूरण लगायतका विषयमा उक्त कम्पनीहरुसँग छलफल गरी के गर्न आवश्यक छ सो कार्य गर्न वडा नं १ र २ का वडाध्यक्ष ज्यूहरुलाई जिम्मा दिने सम्बन्धमा छलफल गरियो।

२. (ग) राजश्व प्रशासनलाई व्यवस्थित गर्न राजश्व शाखा देखिने गरी राख्ने साथै राजश्व चुहावट नियन्त्रण गर्न सबै वडा सचिवहरुलाई निर्देशन गर्ने र गिट्टी बालुवाको चोरी निकासी नियन्त्रण गर्न सम्बन्धित वडाका प्राविधिक कर्मचारीलाई खटाउने निर्णय गरियो।

३.अघिल्लो कार्यपालिका बैठक पछि भएको प्रत्येक वडा र पालिकाको प्रगति समिक्षा गरियो ।

४. प्रस्ताव नं. ४ लाई आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो।

५ (क) महिला तथा एकल महिला लक्षित शसक्तिकरण कार्यक्रममा विनियोजित रु. १०,००,०००/- रकम मध्येबाट तिज गीत प्रतियोगिता संचालन गर्दा खर्च भएको रकम रु. १,०८,१५०/- अनुमोदन गरियो र बाँकी रहेको रकम रु. ८,९१,८५०/- देहाय बमोजिमका शिर्षकमा बाँडफाँड गर्ने निर्णय गरियो ।

क. एकल महिला रु.----------------------------------------------------------५,००,०००/-

ख. महिला रु.--------------------------------------------------------------२,००,०००/-

ग. दिवसीय तथा लैंगिक हिंसा बिरुद्धको अभियान संचालन ---------------------१,००,०००/-

घ. महिला तथा एकल महिला बैठक व्यवस्थापन खर्च ---------------------------९१,८५०/-

५ (ख) लक्षित वर्ग (जेष्ठ नागरिक,जनजाती, दलित, बालबालिका) सिपमुलक कार्यक्रम अन्तर्गत विनियोजित रु. १०,००,०००/- रकम तपसिलका शिर्षकमा बाँडफाँड गर्ने निर्णय गरियो।

क. ज्येष्ठ नागरिक ------------------------------- रु.२,५०,०००/-

ख. दलित ---------------------------------------- रु.३,००,०००/-

ग. जनजाती -------------------------------------- रु.३,००,०००/-

घ. बालबालिका ----------------------------------- रु.१,५०,०००/-

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जम्मा १३९६ जना बेरोजगार व्यक्ति सूचिकृत भएकोमा जम्मा ७३ जनालाई मात्र १०० दिने रोजगार दिन सकिने भएकोले तपशिल बमोजिम रोजगारीको वडागत कोटा निर्धारण गर्ने निर्णय गरियो:-

| वडा नं | जम्मा सूचीकृत बेरोजगार संख्या | रोजगारीको वडागत कोटा निर्धारण संख्या |
|---|---|---|
| १ | २८० | १३ |
| २ | ८८ | ७ |
| ३ | १११ | ७ |
| ४ | १३३ | ७ |
| ५ | ९९ | ७ |
| ६ | १५९ | ९ |

| | | |
|---|---|---|
| ७ | २७३ | १० |
| ८ | २५३ | १३ |
| जम्मा | १३९६ | ७३ |

७. वास प्लानको लागि विनियोजित रकम अपुग हुने भएकोले आगामी गाउँसभाबाट अधुरा खानेपानी योजनाबाट वास प्लान शिर्षकमा आवश्यक रकम रकमान्तर गर्ने गरी वास प्लान निर्माणको कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

८. गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत विगत वर्षहरुमा विनियोजित रकम भन्दा चालु आ.व मा ज्यादै न्युन रकम विनियोजित भई आएकोले २ जना उद्यम विकास सहजकर्ताहरुलाई तलब भत्ता उपलब्ध गराउन रकम अपर्याप्त भएकोले १ जना मात्र उद्यम विकास सहजकर्ता श्री मेनुका कुमारी बस्नेतको सेवा करार म्याद २०८० पौष मसान्त सम्मको लागि थप गर्ने। साथै घरजग्गा अभिलेखिकरण कार्यको लागि अमिनको आवश्यकता परेकोले हाललाई ६ महिनाको लागि ज्यालादारी सेवामा १ जना अमिन नियुक्ति गर्ने प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

९. विविध

क. मृगौला प्रत्यारोपण/डाइलासिस/क्यान्सर/मेरुदण्डको पक्षघात भएको बिरामीहरुलाई नेपाल सरकारले मासिक रु ५००० को दरले उपलब्ध गराउने रकमबाट पछि सोधभर्ना गर्ने गरी आ.व २०८०।०८१ को पहिलो त्रैमासिक अवधिमा गाउँपालिका अन्तरगतका जम्मा ५२ जना उक्त किसिमका बिरामीहरुलाई उपलब्ध गराउनु पर्ने जम्मा रु ७,४५,००० रकम दिर्घरोग तथा पोषण शिर्षकमा बिनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

ख. प्रत्येक वडाबाट बाँझो जग्गाको लगत संकलन गर्ने निर्णय गरियो।

ग. लिफ्टिङ्ग खानेपानी आयोजनाको विद्युत महशुल छुटको लागि नेपाल विद्युत प्राधिकरणमा आवश्यक कागजपत्र पेश गर्न वडाध्यक्षहरुलाई जानकारी गराईयो।

घ. आसन्न पर्वहरु विजया दशमी, शुभ दिपावली, छठ तथा नेपाल सम्बत ११४४ को सुअवसरमा मिति २०८०/०७/०३ गते शुभकामान आदान प्रदान कार्यक्रम आयोजना गर्ने र उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा लुम्बिनी प्रदेश सभामुख माननीय तुलाराम घर्ती मगर (बसन्त) लाई आमन्त्रण गर्ने निर्णय गरियो।

ङ आर्थिक वर्ष २०७९।०८० को लिजा सम्बन्धी कार्य प्रक्रिया अगाडि बढाउन कर्मचारीहरुलाई निर्देशन दिने निर्णय गरियो।

च.हार्थोक बतासे सडक खण्ड निर्माण योजना बहुबर्षीय रुपमा अगाडी बढाउन सडक पूर्वाधार विकास कार्यालय पाल्पालाई अनुरोध गर्ने तथा सो सडक खण्ड विस्तार गर्दा सडकको केन्द्रबाट दायाँबायाँ ५/५ मिटर भित्र पर्ने संरचनाहरु हटाउने प्रतिबद्धता पत्र उक्त कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो।

CamScanner